# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४ ) काठमाडौं, वैशाख ७ गते २०६२ साल ( अतिरिक्ताङ्क ६

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

मन्त्रिपरिषद्का माननीय उपाध्यक्ष श्री कीर्तिनिधि विष्ट जनवादी गणतन्त्र चीनको हाइनानमा आयोजना हुने Boao forum for Asia Annual conference 2005 को बैठकमा भागलिन २०६२ वैशाख ७ गते त्यसतर्फ जान् भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयहरूको कार्यभार मन्त्रिपरिषद्का माननीय उपाध्यक्ष डा श्री तुलसी गिरीले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बुद्धिराज बज्राचार्य जनवादी गणतन्त्र चीनको ज्याङमा आयोजना हुने एमए ६० एयरक्राफ्ट डेलिभरी सेरेमोनी र रिजनल एयरक्राफ्ट टेक्नीकल फोरममा भागलिन २०६२ वैशाख ७ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार माननीय सामान्य प्रशासन मन्त्री श्री कृष्णलाल थकालीले सम्हाल्नु हुनेछ ।

हुकुम बक्सेबमोजिम,

मी.सु. पशुपतिभक्त महर्जन

श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।